फोन नं. ९७७-०२१-५५५२१२
५५६११२
५५६११३
५५५२९६ फो.फ्या.

# पथरी शनिश्चरे नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पथरी , मोरङ
### प्रदेश नं. १ , नेपाल

प.सं. ०७८/०७९
च.नं.

आन्तरिक श्रोत असुल सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।

(प्रथम पटक प्रकाशित मिति २०७९ आषाढ १० गते)

यस पथरी शनिश्चरे नगरपालिका कार्यालयको आ.व. २०७९/८० को लागि आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) गर्न निम्न ठेक्काहरु निम्न बमोजिमको दररेटबाट बढाबढ हुने गरी गोप्य शिलबन्दी ठेक्का लगाउनु पर्ने भएकाले निम्न शर्त तथा बन्देजमा रहि प्रस्ताव पेश गर्नुहुन इच्छुक नेपाली नागरिक वा फर्महरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि. नं.. | हाट बजारमा- कर संकलन सम्बन्धी ठेक्का विवरण | आ.व. २०७९/८० को लागि तोकिएको न्यूनतम ठेक्का कबोल रकम (वार्षिक) | दरभाउपत्र फारम शुल्क |
|---|---|---|---|
| ०१ | कुशल बजार पशु हाट तथा मनिहारी , वडा नं. ४ | १३,२०,०००। - (भ्याट बाहेक) | १०००। - |
| ०२ | पथरी बजार , वडा नं. १ | ४५१०००। - (भ्याट बाहेक) | १०००। - |

शर्तहरु :

१. सिलबन्दी फारम पथरी शनिश्चरे नगरपालिकाको कार्यालयबाट उल्लिखित रकम (फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिनेछ ।

२. सिलबन्दी दरभाउपत्र साथ व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपि , फर्म भए मु.अ.करदर्ता प्रमाणपत्रको प्रतिलिपि , आ.व. २०७८/०७९ को करचुक्ताको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ । धरौटी बापतको रकम कबोल अंकको ५ प्रतिशतले हुने रकम यस नगरपालिकाको धरौटी खाता नं. २५६०१००३०३००००२ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

३. कबोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट उल्लेख गर्नुपर्नेछ । कबोल गरेको अंक र अक्षर फरक परेमा अक्षरको कबोल रकमलाई मान्यता दिइनेछ । टिपेक्स प्रयोग वा केरमेट गरेको सिलबन्दी फाराम मान्य हुने छैन ।

४. ठेक्का फाराम सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयमा खरिद गर्न सकिनेछ ।

५. शिलबन्दी ठेक्का फाराम सूचना प्रकाशित भएको मितिले १६ औं दिनको मध्याह्न १२:०० बजेसम्म नगरपालिकाको कार्यालयमा दर्ता गराइसक्नु पर्नेछ । र पेश भएका दरभाउपत्र ठेकेदार वा निजको प्रतिनिधिको उपस्थितिमा सूचना प्रकाशित भएको १६ औं दिनको दिउँसो २:०० बजे नगरपालिकाको कार्यालयमा खोलिनेछ । ठेकेदारको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी पत्र खोल्न बाधा पर्ने छैन ।

६. सिलबन्दी फारम खरिद गर्ने र पेश गर्ने दिन सार्वजनिक बिदा परेमा खरिद गर्ने र पेश गर्ने मिति कार्यालय खुलेको दिन हुनेछ ।

७. सबैभन्दा बढी रकम कबोल भएको तथा रित पुगेको शिलबन्दी पत्रलाई ठेक्का परेको स्वीकार गरिनेछ ।

८. सिलबन्दी पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिकाको कार्यालयलाई हुनेछ ।

९. ठेक्का रकम ठेक्का सम्झौता हुँदाको समयमा एकमुष्ट बुझाउनु पर्नेछ । किस्तामा बुझाउन चाहेमा ५० प्रतिशत रकम सम्झौता भएकै समयमा र बाँकी रकमका लागि बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

१०. एउटा सिलबन्दी फारम एउटा ठेक्काको लागि मात्र प्रयोग गर्न पाइनेछ ।

११. कर संकलन गर्दा नगरपालिकाले दिएको दररेट बमोजिम गर्नुपर्नेछ ।

१२. यसमा उल्लेख भएका बाहेकका कुराहरुको हकमा प्रचलित ऐनकानुन बमोजिम हुनेछ ।

१३. अन्य थप जानकारीको लागि नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत